# डेन्टल इम्प्लान्ट राखेपछि सबै ठीक हुनेछ?

डेन्टल इम्प्लान्ट गुमेको दाँतको प्रतिस्थापनको लागि दन्त उपचारमा प्रयोग गरिन्छ। डेन्टल इम्प्लान्ट टाइटेनियम जस्तो जीव-अनुकूल सामग्रीबाट बनेको हुन्छ। यसलाई बङ्गारामा राखिन्छ र यसले एउटा कृत्रिम क्राउनलाई समर्थन गर्नका लागि दाँतको जराको रूपमा कार्य गर्छ। दन्त प्रत्यारोपणहरूले डेन्टल ब्रिज वा हटाउन मिल्ने डेन्टचरको रूपमा रहेका कृत्रिम दाँतको समूहलाई समर्थन गर्न आधारको रूपमा कार्य पनि गर्छन्।

मानिसहरूले डेन्टल इम्प्लान्ट राखेपछि आफूलाई अन्य कुनै मुखको समस्या नहुने भनी गलत बुझ्न सक्छन्। डेन्टल इम्प्लान्ट र यसका सहायक कृत्रिम दाँतहरू खराब हुने भएता पनि, यदि मुखको स्वयं स्याहार पर्याप्त मात्रामा राम्रो भएन भने, डेन्टल इम्प्लान्ट वरपरका तन्तुहरूमा समस्याहरू हुनेछन्। तन्तुहरूमा जलन हुनसक्छ र पेरि-इम्प्लान्टाइटिस भनिनेमा विकसित हुन सक्छन्। डेन्टल इम्प्लान्ट खुकुलो हुनसक्छ र अन्ततः बाहिर निस्कन्छ। त्यसकारण, डेन्टल इम्प्लान्टको स्थायित्वको लागि मुखको सरसफाईलाई राम्रो राख्न दीर्घकालीन मर्मत-सम्भार अत्यावश्यक हुन्छ।

## डेन्टल इम्प्लान्ट प्रत्यारोपण सधैँ सफल हुन्छ?

डेन्टल इम्प्लान्टको प्रत्यारोपण भनेको मुखको सामान्य शल्यक्रिया हो। सफलता दर सामान्य स्वास्थ्य स्थिति र बङ्गाराको अवस्थामा निर्भर रहन्छ। यदि शरीरको रिकभरी प्रकार्य राम्रो छ भने, डेन्टल इम्प्लान्ट प्रत्यारोपण सफल हुने सम्भावना उच्च हुनेछ। अर्को तर्फ, अनुसन्धानहरूले धुम्रपानकर्ता, मधुमेह भएका व्यक्ति, हाल वा विगतमा गमसम्बन्धी गम्भीर रोग भएका व्यक्तिहरू, आदिलाई धेरै जटिलताहरू हुनसक्ने र डेन्टल इम्प्लान्ट प्रत्यारोपणमा उच्च असफलता दर हुनसक्ने देखाएका छन्।

## डेन्टल इम्प्लान्टद्वारा समर्थित कृत्रिम दाँतहरूको स्याहार कसरी गर्ने?

दन्त प्लेक संचयन हुन र डेन्टल इम्प्लान्टहरू वरिपरिका तन्तुहरूमा जलन हुन नदिनका लागि प्रत्येक दिन बिहान र राति सुत्नु अगाडि पूर्ण रूपमा मुखको क्याभिटी सफा गर्न आवश्यक हुन्छ।

- एउटा दाँत इम्प्लान्ट:
  मुखको स्वयं स्याहार विधि प्राकृतिक दाँतको लागि जस्तै हुन्छ। गमको किनारामा ब्रश ग्रनुहोस् र इन्टरडेन्टल सतहहरू सफा गर्नका लागि दन्त फ्लोस वा इन्टरडेन्टल ब्रश प्रयोग गर्नुहोस्।





➢ इम्प्लान्ट समर्थित डेन्टल ब्रिज:
यदि कृत्रिम दाँतहरूलाई दुई वा सोभन्दा धेरै डेन्टल इम्प्लान्ट आधारहरूद्वारा समर्थन गरिन्छ भने, सफा गर्ने विधि औपचारिक डेन्टल ब्रिजको जस्तै हुन्छ। कृत्रिम दाँत र गमको बीचमा खाली ठाउँ हुने हुनाले, डेन्टल इम्प्लान्ट र खाली ठाउँको वरिपरि सफा गर्न सुपरफ्लोस वा इन्टरडेन्टल ब्रश प्रयोग गर्न आवश्यक हुन्छ।



➢ माथिल्लो वा तल्लो हटाउन मिल्ने डेन्चर:
डेन्चरलाई निकाल्नुहोस् र त्यसपछि डेन्टल इम्प्लान्टका आधारहरूको वरिपरि सफा गर्नका लागि एउटा-टफ्ट भएको टुथब्रश प्रयोग गर्नुहोस्। डेन्चरलाई औपचारिक डेन्चर जस्तै गरी सफा गर्नुहोस्। डेन्चरको प्रत्येक भाग सफा गर्नका लागि प्रत्येक राति सुत्नुभन्दा अगाडि डेन्चर निकाल्नुहोस्, नरम टुथब्रश र डिटर्जेन्ट जस्ता सफा गर्ने एजेन्ट प्रयोग गर्नुहोस्। त्यसपछि त्यसलाई पानीले पखाल्नुहोस् र रातभरि एक गिलास पानीमा डुबाउनुहोस्।



**डेन्टल इम्प्लान्टको प्रत्यारोपणपछि नोट गर्नुपर्ने अतिरिक्त पोइन्टहरू**

डेन्टल इम्प्लान्ट समर्थित कृत्रिम दाँतहरूले चपाउने क्षमतालाई सुधार गर्न मद्दत गर्न सक्छन्। यद्यपि, यदि मर्मत-सम्भार उपयुक्त भएन भने, धेरै समस्याहरू निम्तिनेछन् जस्तै पेरि-इम्प्लान्टाइटिस जसले दुखाई र फोडा सिर्जना गर्छ र अन्ततः चपाउने समस्या निम्त्याउन सक्छ।

डेन्टल इम्प्लान्ट र यसका सहायक कृत्रिम दाँतहरूको टिकाउपनलाई वृद्धि गर्न, निम्न कुराको बारेमा सचेत हुनुपर्छ:

1. कृत्रिम दाँतलाई फ्र्याक्चर हुन नदिनका लागि बदाम, हार्ड क्याण्डी, आदि जस्ता चपाउन कठीन हुने खानेकुरा बारम्बार नखानुहोस्।
2. लामो समयसम्म कडा खानेकुरा नचपाउनुहोस्, अन्यथा स्क्रूहरू र इम्प्लान्ट फिक्स्चर अन्ततः खुकुलो हुन्छन् वा फ्र्याक्चर हुन्छन्।
3. धुम्रपान इम्प्लान्ट फिक्स्चरको वरिपरिका तन्तुहरूको स्वास्थ्यको लागि खतरापूर्ण हुन्छ; त्यसकारण धुम्रपान त्याग्न अत्यावश्यक हुन्छ।
4. डेन्टल इम्प्लान्टको उपचारपछि, नियमित रूपमा दाँतको जाँच गर्न आवश्यक हुन्छ। यदि कुनै समस्या भएमा, त्यसलाई छिट्टै पहिचान गरी व्यवस्थित गर्न सकिन्छ।
5. इम्प्लान्ट दाँत खुकुलो हुने वा डेन्टल इम्प्लान्ट वरिपरिका तन्तुमा असहज महसुस हुने जस्ता असामान्य अवस्था महसुस भएमा वा पत्ता लागेमा, जाँच र फलो-अप गर्नका लागि जति सक्दो छिटो दन्त चिकित्सककहाँ जान आवश्यक हुन्छ।